जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २८१ पृष्ठः ४ | २०८२ फाल्गुन २० बुधबार (Wednesday 04 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# निर्वाचन सामग्रीसहित सिरहाका सबै मतदान केन्द्रमा पुगे कर्मचारी



**मणिलाल विश्वकर्मा**

लहान, १९ फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ अन्तर्गत २१ फागुनमा हुन गइरहेको मतदानका लागि निर्वाचन सामग्रीसहित सिराहाका सबै मतदान केन्द्रहरूमा कर्मचारी र सुरक्षाकर्मी पुगेका छन्। मुख्य निर्वाचन अधिकृतको कार्यालय सिराहाका अनुसार जिल्लाका चार निर्वाचन क्षेत्रअन्तर्गत पर्ने २२३ स्थायी र एक अस्थायी गरी २२४ मतदानस्थलमा ५३१ स्थायी र तीन अस्थायी गरी ५३४ मतदान केन्द्रमा निर्वाचन सामग्रीसहित कर्मचारी र सुरक्षाकर्मीहरू पुगिसकेका छन्।

मतपेटिका, सुरक्षण सिल, छेकावारसहित सम्बन्धित मतदान केन्द्रमा पुगेका निर्वाचन कर्मचारीहरूले मंगलबार होलीको दिन भए पनि निर्वाचनमा भाग लिएका स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूसँग सर्वदलीय बैठकसमेत सम्पन्न गरी मतदान गर्ने ठाउँ तयारी थालिएको जिल्ला निर्वाचन अधिकारी राजन श्रीवास्तवले बताए।

सर्वदलीय बैठकमा मतदाता परिचयपत्र, मतदान प्रतिनिधिको नियुक्ति, अशक्त मतदाताको व्यवस्थापन, मतदानस्थलमा प्रतिबन्ध, मतदानको समय पालना, विवाद समाधानसहित शान्तिपूर्ण तथा भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नेलगायतका विषयमा निर्णय गरिएको उनले बताए। उनका अनुसार निर्वाचनका लागि जिल्लाभर ५३४ मतदान अधिकृत, तीनवटा अस्थायी केन्द्रबाहेक हरेकमा तीन-तीनजना सहयोगी गरी चार हजार ७९४ कर्मचारी खटिएका छन्।

दलका ५४ रस्वतन्त्र ८४ जना गरी १३८ जना उम्मेदवार रहेको जिल्लाका चार निर्वाचन क्षेत्रमा गरी दुई लाख ४१ हजार ६१५ पुरुष, दुई लाख १२ हजार २८ महिला र दुई अन्य गरी चार लाख ५३ हजार ६४५ मतदाता छन्। निर्वाचन सुरक्षाका लागि जिल्लाको चारवटै क्षेत्रमा एक हजार चार सय नेपाल प्रहरी, ६ सय नेपाली सेना, सात सय सशस्त्र प्रहरी र तीन हजार आठ सय निर्वाचन प्रहरीसहित हरेक पालिकामा दुई/दुईजनाका दरले राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी परिचालन गरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

# सर्लाहीमा ३४ जना कैदीबन्दीले मतदान गर्न पाउने

**जनार्जन खत्री**

सर्लाही, १९ फाल्गुन। सर्लाहीमा ३४ जना कैदीबन्दीले प्रतिनिधि सभा सदस्य निर्वाचनमा मतदान गर्न पाउने भएका छन्। कारागार कार्यालय मलंगवामा कैद भुक्तान गरिरहेकामध्ये मतदाता नामावलीमा नाम भएका ३४ जना कैदीबन्दीले बिहीबार हुन लागेको निर्वाचनमा मतदान गर्न पाउने भएका हुन्। निर्वाचन आयोगले नेपाली सेना, सुरक्षाकर्मी, कर्मचारी र कैदीबन्दीले समानुपातिक तर्फ मतदान गर्न पाउने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार सर्लाहीमा कारागार कार्यालय मलंगवासहित चार स्थानमा अस्थायी मतदान केन्द्र तोकिएको छ।

कारागार कार्यालय मलंगवा, जिल्ला समन्वय समिति मलंगवाको तीनबिघे चौर, सशस्त्र प्रहरी बल नेपालको १० नं. गण कविलासी अगर्वा अगाडिको गोलघर र पाँचकुमारी खेल मैदान पनुर्वासमा अस्थायी मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन कार्यालय सर्लाहीका प्रमुख एवं जिल्ला निर्वाचन अधिकारी ऋषिराम पौडेलले जानकारी दिनुभयो। जिल्ला निर्वाचन अधिकारी पौडेलका अनुसार निर्वाचन आयोगले गरेको व्यवस्था अनुसार सर्लाहीमा समानुपातिकमा मतदान गर्न पाउने ३४ जना कैदीबन्दीसहित कर्मचारी, सेना र प्रहरीसमेत गरेर छ हजार ८७ जना

–बाँकी दुई पेजमा

# अदालत ६ दिन बन्द हुने, दुई दिनबाहेक बन्दी प्रत्यक्षीकरण, पक्राउ पुर्जी अनुमति दिइने

**मणिलाल विश्वकर्मा**

लहान, १९ फाल्गुन। होली पर्व र प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा सिरहा जिल्ला अदालत ६ दिन बन्द हुने भएको छ। जिल्ला अदालतका श्रेस्तेदार/ उपसचिव भेषराज भट्टराईद्वारा जारी सूचनामा १९ देखि २४ फागुनसम्म अदालत बन्द रहने जनाइएको छ। उक्त अवधिमा




पर्ने मतदानको दिन २१ फागुन र २३ फागुन शनिबारबाहेक अन्य दिनहरूमा बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाइ गर्न, जरुरी पक्राउ पुर्जी स्वीकृत गर्न पक्राउ पुर्जी अनुमतिका लागि

–बाँकी दुई पेजमा




## सडक प्रयोग गर्दा ध्यान दिऔं।

- सडक सीमा अतिक्रमण नगरौं।
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।
- सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं।

यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खवर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## दल र उमेदवार अब नागरिक निगरानीमा

गएको मध्यरातबाट फागुन २१ गते मतदान हुने प्रतिनिधि सभा निर्वाचनको मौन अवधि सुरु भएको छ। निर्वाचन आयोगले आचार संहिताअनुरूप यस अवधिमा सभासम्मेलन, जुलुस, सामाजिक सञ्जालमा अभियानलगायतका चुनावी प्रचार नगर्न निर्देशन दिएको छ। यसैगरी आयोगले राजनीतिक दल र उमेदवारहरूलाई मतदान केन्द्र वरिपरिका प्रचार सामग्री पनि हटाउने आदेश दिएको छ। अर्थात्, अब मतदान सम्पन्न नहुँदासम्म चुनाव प्रचारप्रसारका कुनै कार्यक्रम वा मतदाता प्रभावित पार्ने क्रियाकलाप गर्न पाइँदैन। आयोगका अनुसार मतदान केन्द्रको ३०० मिटर वरिपरि प्रचार सामग्री हटाउने, सांकेतिक पोसाक वा सवारी प्रयोग नगर्ने, भोजभतेर, होहल्ला नगर्ने जस्ता प्रावधान कडाइका साथ लागु गरिनेछ।

राजनीतिक दल र उमेदवारहरूको लामो प्रचारप्रसारबाट आजित मतदातालाई स्वतन्त्र र शान्त वातावरणमा निर्णय गर्ने अवसर उपलब्ध मौन अवधिको व्यवस्था गरिको हो। हुन पनि लगातारको दाबी, आरोपप्रत्यारोप र डिजिटल 'क्याम्पेन'को दबाबबाट नागरिकलाई विवेक प्रयोग गरेर निर्णय गर्नै मुस्किल हुनेगर्छ। निर्वाचनमा मतदान स्वतन्त्र, भय र दबाबरहित हुनसकेन भने निरर्थक हुन्छ। यथार्थमा मौन अवधि निर्वाचनलाई विश्वसनीय बनाउने लोकतान्त्रिक अभ्यास हो। त्यसैले यस अभ्यासलाई कानुनी बाध्यता वा औपचारिकतामात्र नठानी लोकतन्त्रप्रतिको सम्मानका रूपमा लिनुपर्छ।

विगतका निर्वाचनहरूमा भौतिक हस्तक्षेप र प्रलोभनबाट मतदातालाई मतदानको अघिल्लो साँझ वा रातिसमेत दबाब दिने गरिन्थ्यो। यसपटक सामाजिक सञ्जालको दबाब झन् चर्को चुनौतीका रूपमा देखापरेको छ। यसैले आयोगका पदाधिकारीले मौन अवधिमा अनलाइन प्रचार सामग्री हटाउन आग्रह गरेको हुनुपर्छ। डिजिटल माध्यममार्फत अन्तिम क्षणसमेम पनि मतदातालाई प्रभाव पार्ने प्रयासले निर्वाचनको निष्पक्षताको आधार कमजोर बनाउँछ। त्यस्तो अभ्यास रोक्न दल र उमेदवारहरू स्वतः सक्रिय हुनुपर्ने हो। दुर्भाग्य, नेपालका बहुसङ्ख्यक राजनीतिक नेताहरूमा लोकतन्त्रको सम्मान गर्ने संस्कारको अभाव छ। यसैले निर्वाचन आयोगले निर्देशन दिनुपरेको हो।

आयोगले मौन अवधिमा सामाजिक सञ्जाललगायत अरू प्रकारको अभ्यासबाट चुनावी प्रचारप्रसार गरेको पाइएमा कानुनबमोजिम कारबाही गरिने चेतावनी पनि दिएको छ। आयोगले इच्छाशक्ति देखाउन सक्यो र सरकारी सहयोग पायो भने प्रविधि प्रयोग गरेर स्रोत पहिचान गरी कारबाही गर्न सक्छ। मौन अवधिको मान राख्ने अभ्यास भने आयोगको सक्रियताले मात्र सुनिश्चित र प्रभावकारी हुँदैन। राजनीतिक दल, उम्मेदवार र तिनका भ्रातृ संगठनले नै यसका लागि आत्मसंयम देखाउनुपर्छ। मौन अविधिमा गर्न नहुने कामबाट जोगिने र गर्नुपर्ने कर्तव्य पूरा गर्ने दायित्व मतदातालगायत निर्वाचनका सबै सरोकारवालाको पनि हो।

मौन अवधिको प्रभावकारी पालनामा विवेकपूर्ण मतदानमा जस्तै सबैभन्दा महत्त्वपूर्ण भूमिका नागरिकको हुन्छ। मतदाता स्वयं सचेत भएमात्र मौन अवधिको व्यवस्था सार्थक हुन्छ। सामाजिक सञ्जालमा उत्तेजक सामग्री सेयर नगर्ने, अफवाह नफैलाउने र मतदान केन्द्रमा शान्ति कायम राख्ने संस्कार नागरिकले पनि देखाउनुर्छ। लोकतन्त्र भोट हाल्ने प्रक्रियामात्र होइन। यो त नियमको सम्मान गर्दै विवेकपूर्ण निर्णय गर्ने परिपक्व अभ्यास हो। अन्ततः, मौन अवधिको मान राख्नु आफ्नै नागरिक अधिकारको सम्मान हो। कानुनले तोकेको सीमालाई सरोकारवालाहरूले स्वेच्छाले स्वीकार गरेमात्र निर्वाचन परिणामप्रति जनविश्वास रहन्छ। यसैले निर्वाचन आयोग पनि आफ्ना निर्देशन र चेतावनी कार्यान्वयन गर्न सजग बनोस्।

### *अदालत ६ ...*

बिहान ११ देखि दिउँसो ३ बजेसम्म अदालत खुला रहने सूचनामा उल्लेख छ। सूचनाअनुसार उक्त अवधिमा दिनको १ बजेभित्र दर्ता भएका बन्दी प्रत्यक्षीकरणको निवेदन सोही दिन र त्यसपछिका निवेदन त्यसको भोलिपल्ट सुनुवाइ हुने जनाइएको छ।

### *सर्लाहीमा...*

मतदाता रहेका छन्।

अस्थायी मतदान केन्द्रमा एक जना मतदान अधिकृत, एक जना सहायक मतदान अधिकृत र एक जना सहयोगी कर्मचारी गरेर तीन जना मात्र परिचालन हुने जिल्ला निर्वाचन कार्यालय सर्लाहीले जनाएको छ।

# भविष्यका लागि विवेकपूर्ण मतदानः नीति र नियतको परीक्षा



**बसन्ती बोहरा**

राजनीति र सुशासन एउटै सिक्काका दुई पाटा हुन् भन्ने कुरा सैद्धान्तिक रूपमा जति सहज सुनिन्छ, व्यवहारमा त्यति नै जटिल देखिन्छ। राजनीतिले राज्य सञ्चालनको दिशा निर्धारण गर्छ, नीतिहरू बनाउँछ, प्राथमिकताहरू तय गर्छ र भविष्यको मार्गचित्र कोर्छ। सुशासनले तिनै नीतिहरूलाई न्यायपूर्ण, पारदर्शी, जवाफदेही र प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने दायित्व वहन गर्छ। जब राजनीति स्वार्थ, सत्ताकेन्द्रित सोच र अल्पकालीन लाभमा सीमित हुन्छ, तब सुशासन कमजोर बन्छ। राजनीति दूरदर्शी, नैतिक र जनमुखी हुँदा सुशासन स्वाभाविक रूपमा सुदृढ हुन्छ। नेपालको अनुभवले यही द्वन्द्वलाई उजागर गरेको छ।

सामान्यतः नेपालको आधुनिक राजनीतिक यात्रा वि.सं. २००७ सालको प्रजातन्त्र स्थापनाबाट सुरु भएको मानिन्छ। त्यसयता देशले राणा शासनको अन्त्य, पञ्चायती व्यवस्था, बहुदलीय प्रजातन्त्र, जनआन्दोलन, सशस्त्र द्वन्द्व र अन्ततः ०७२ सालमा जारी भएको 'नेपालको संविधान' मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको चरण पार गरिसकेको छ। व्यवस्थागत रूपमा हेर्दा नेपालले धेरै ठूलो फड्को मारेको देखिन्छ तर प्रश्न उठ्छ, के यी र यस्ता व्यवस्थागत परिवर्तनहरूले आम नागरिकको दैनिकीमा गुणात्मक सुधार ल्याए? के सुशासनको बलियो जग बस्यो? दुर्भाग्यवश, उत्तर सधैं सकारात्मक देखिँदैन।

नेपालको राजनीति प्रायः आन्दोलन र सम्झौताबिच घुमिरह्यो। राणा शासनको अन्त्यसँगै प्रजातन्त्र आयो तर संस्थागत स्थायित्व कायम हुन सकेन। पञ्चायती व्यवस्थाले राजनीतिक दलहरूलाई प्रतिबन्धित गऱ्यो, साथै विकास र स्थायित्वको नाममा केन्द्रीकृत शक्तिको अभ्यास गरियो। ०४६ सालको जनआन्दोलनपछि बहुदलीय व्यवस्था पुनःस्थापित भयो। यद्यपि, राजनीतिक अस्थिरता र सत्ता संघर्षले शासन प्रणालीलाई बलियो बनाउन सकेन। त्यसपछिको दशक लामो सशस्त्र द्वन्द्वले राज्य संरचना नै हल्लाइदियो। अन्ततः संविधानसभामार्फत नयाँ संविधान बनेसँगै देश संघीय संरचनामा प्रवेश गऱ्यो। राजनीतिक रूपमा परिवर्तनको यो लामो यात्रा गर्व गर्नलायक भए पनि संस्थागत सुशासनको विकास भने अपेक्षाकृत कमजोर नै रहयो।

अहिले नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासको दोस्रो चरणमा छ। राजनीतिक परिदृश्यमा पुस्तान्तरण र विचारान्तरणको बहस तीव्र छ। पुराना स्थापित दलहरूको एकाधिकारलाई नयाँ शक्तिहरू र स्वतन्त्र उम्मेदवारहरूले चुनौती दिइरहेका छन्। जनतामा निराशा र अपेक्षा दुवै एकसाथ देखिन्छन्। उनीहरू भाषणभन्दा परिणाम खोजिरहेका छन्। बारम्बार फेरिने सरकार, सत्ता समीकरणका खेल, दीर्घकालीन नीतिको अभाव र अल्पकालीन राजनीतिक फाइदाका लागि गरिने सम्झौताले विकास योजनाहरूलाई प्रभावित गरेको छ। राजनीतिक अस्थिरताले प्रशासनिक संयन्त्रमा पनि असमञ्जस र अनिश्चितता बढाएको छ।

सुशासनका आधारभूत स्तम्भ चारवटा मानिन्छन् विधिको शासन, पारदर्शिता, जवाफदेहिता र जनसहभागिता। नेपालको संविधानले सुशासनलाई राज्य सञ्चालनको मार्गदर्शक सिद्धान्तका रूपमा स्वीकार गरेको छ। संविधानको धारा ५१ (ख) मा सुशासनलाई राज्यको प्रमुख नीतिमा समावेश गरिएको छ। तर, कानुनी प्रावधान र व्यवहारबिच ठूलो अन्तर देखिन्छ। विधिको शासन कमजोर हुँदा कानुन सबैका लागि समान रूपमा लागू हुँदैन। 'सानालाई ऐन र ठूलालाई चैन' भन्ने उखान केवल व्यङ्ग्य मात्र होइन, यथार्थजस्तै लाग्ने अवस्था बनेको छ। राजनीतिक पहुँचका आधारमा मुद्दा फिर्ता लिने, अपराधीलाई आममाफी दिने वा अनुसन्धान प्रभावित गर्ने प्रवृत्तिले न्यायप्रणालीमाथि जनविश्वास घटाएको छ।

पारदर्शिताको अभाव अर्को गम्भीर समस्या हो। सरकारी निर्णयहरू अझै पनि बन्द कोठाभित्र सीमित हुने गरेका छन्। ठूला आयोजना, बजेट विनियोजन, नीतिगत निर्णय र ठेक्कापट्टामा हुने अपारदर्शिताले भ्रष्टाचारको सम्भावना बढाएको छ। सूचना प्रविधिको युगमा पनि सूचनामा सहज पहुँच नहुनु विडम्बनापूर्ण छ। सार्वजनिक खरिद प्रक्रिया, परियोजना छनोट र स्रोतको बाँडफाँटमा पारदर्शिता नहुँदा जनताको करबाट संकलित रकम प्रभावकारी रूपमा प्रयोग भएको छ कि छैन भन्ने प्रश्न उठ्छ। जवाफदेहिताको पक्ष झन् कमजोर देखिन्छ। राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा गल्ती गरे पनि दण्डित नहुने मानसिकता विकास भएको छ। छानबिन समिति गठन गरिन्छ, प्रतिवेदन आउँछ, तर त्यसको कार्यान्वयन हुँदैन। जनताका गुनासा सुन्ने संयन्त्र भए पनि तिनको प्रभावकारिता न्यून छ।

सेवा प्रवाहमा ढिलासुस्ती, झन्झटिलो प्रक्रिया र अनावश्यक कागजी कारबाहीले नागरिकलाई निराश बनाएको छ। सामान्य कामका लागि पनि बिचौलियाको सहारा लिनुपर्ने अवस्था सुशासनको विफलताको संकेत हो। नेपालमा सुशासन कमजोर हुनुको मुख्य कारण भ्रष्टाचारको संस्थागत रूप हो। भ्रष्टाचार अब व्यक्तिगत कमजोरी मात्र होइन, प्रणालीगत समस्या बनेको छ। अन्तर्राष्ट्रिय सूचकाङ्कहरूमा नेपालको अवस्था मध्यमभन्दा कमजोर श्रेणीमा पर्छ। ट्रान्सपरेन्सी इन्टरनेसनलको 'भ्रष्टाचार अवधारणा सूचकाङ्क' मा नेपालको अवस्था सन्तोषजनक छैन। यस्तो अवस्था केवल अङ्कमा सीमित हुँदैन, यसले लगानी, विकास, सार्वजनिक सेवा र अन्तर्राष्ट्रिय छविमा असर पार्छ।

नीतिगत भ्रष्टाचार विशेष रूपमा चिन्ताजनक छ। मन्त्रिपरिषद्को निर्णयमार्फत कानुनी कारबाहीबाट बच्ने प्रवृत्ति, ठूला आयोजना र जग्गा प्रकरणमा अनियमितता, कर मिनाहाजस्ता निर्णयहरूले राज्यकोषमा ठूलो क्षति पुऱ्याएको आरोप लाग्दै आएको छ। राजनीतिक संरक्षण र प्रशासनिक साँठगाँठले निष्पक्ष छानबिनमा बाधा पुऱ्याएको छ। नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण र सुन तस्करी काण्डजस्ता घटनाले राज्य संयन्त्रको कमजोरी उजागर गरेका छन्। यस्ता घटनाले नागरिकमा गहिरो अविश्वास पैदा गर्छन्।

संघीयता नेपालको राजनीतिक रूपान्तरणको एउटा महत्वपूर्ण उपलब्धि हो। ७ सय ५३ स्थानीय सरकार जनताका सबैभन्दा नजिकका संरचना हुन्। स्थानीय तहले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार र सामाजिक सुरक्षाका क्षेत्रमा केही सकारात्मक काम गरेका उदाहरणहरू पनि छन्। कतिपय पालिकाले नवप्रवर्तनात्मक अभ्यासमार्फत सेवा प्रवाहमा सुधार गरेका छन्। स्थानीय स्तरमा निर्णय क्षमता बढ्नु लोकतान्त्रिक अभ्यासका लागि सकारात्मक पक्ष हो।

तर, संघीयताको कार्यान्वयनमा पनि चुनौती कम भने छैनन्। केही स्थानीय तहमा डोजरे विकास, उपभोक्ता समितिमार्फत हुने अनियमितता र कर्मचारी–जनप्रतिनिधिबिचको भागबन्डाले संघीयताको मर्ममाथि प्रश्न उठाएको छ। प्रदेश सरकारको औचित्यमाथि पनि बहस भइरहेको छ। विशेष गरी बढ्दो प्रशासनिक खर्च र सीमित उपलब्धिका कारण त्यस्ता प्रश्नहरू उठ्ने गरेका छन्। संरचना मात्र परिवर्तन भएर सुशासन स्वतः स्थापित हुँदैन भन्ने कुरा यहाँ स्पष्ट हुन्छ। क्षमता विकास, पारदर्शिता र निगरानी संयन्त्र सुदृढ नगरी संघीयताको लक्ष्य प्राप्त हुन सक्दैन।

सुधारका लागि विविध बहुआयामिक प्रयास आवश्यक छन्। निर्वाचन प्रणालीमा सुधार गरी दलभित्र लोकतन्त्र सुदृढ गर्नुपर्छ। उम्मेदवार छनोट प्रक्रिया पारदर्शी र क्षमता (मेरिट) मा आधारित हुनुपर्छ। संवैधानिक निकायहरूको निष्पक्षता सुनिश्चित गर्नु अत्यावश्यक छ। अख्तियार, निर्वाचन आयोग र महालेखा परीक्षकजस्ता निकायहरू राजनीतिक प्रभावबाट मुक्त हुनुपर्छ। डिजिटल प्रविधिको प्रभावकारी प्रयोगले पारदर्शिता र सेवा प्रवाहमा सुधार ल्याउन सक्छ। ई-गभर्नेन्स, अनलाइन सेवा र खुला डाटा प्रणालीले भ्रष्टाचार घटाउन सहयोग पुऱ्याउन सक्छ।

कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेपको अन्त्य अर्को महत्वपूर्ण कदम हो। स्थायी सरकारको रूपमा चिनिने प्रशासनिक संयन्त्र व्यावसायिक, दक्ष र निष्पक्ष हुनुपर्छ। सरुवा, बढुवा र नियुक्तिमा पारदर्शी मापदण्ड अपनाइनुपर्छ। शिक्षा प्रणालीमार्फत नागरिक चेतना विकास गर्नु दीर्घकालीन समाधान हो। सचेत, विवेकी र सक्रिय नागरिक नै सुशासनका सच्चा संरक्षक हुन्। 'राइट टु रिजेक्ट' र 'राइट टु रिकल' जस्ता अवधारणामाथि पनि गम्भीर बहस हुन सक्छ, ताकि जनप्रतिनिधिहरू थप जवाफदेही बनून्।

अन्ततः राजनीति मूल्य र नैतिकतासँग जोडिएको विषय हो। सुशासन केवल कानुनी व्यवस्था वा प्रशासनिक दक्षताले मात्र सम्भव हुँदैन, यसका लागि नैतिक नेतृत्व आवश्यक हुन्छ। जबसम्म राजनीतिमा नैतिकता, पारदर्शिता र दीर्घकालीन सोच विकास हुँदैन, 'समृद्ध नेपाल, सुखी नेपाली' जस्ता नारा व्यवहारमा रूपान्तरण हुन सक्दैनन्। व्यवस्था परिवर्तन महत्वपूर्ण हो, तर त्यससँगै पात्र र प्रवृत्ति परिवर्तन अपरिहार्य छ।

नेपाल अहिले ऐतिहासिक दोबाटोमा उभिएको छ। एकातिर पुरानै शैलीको सत्ताकेन्द्रित राजनीति छ भने अर्कोतिर सुधार र जवाफदेहिताको माग गर्दै उठेको नागरिक चेतना छ। यदि राजनीति स्वच्छ, पारदर्शी र जनउत्तरदायी बन्न सकेन भने लोकतन्त्रको सार कमजोर हुनेछ। तर, यदि नेतृत्वले आत्मसमीक्षा गर्दै सुधारको बाटो रोज्यो भने सुशासन सम्भव छ। नागरिकले पनि मतदान गर्दा केवल भावनामा होइन, तथ्य र कार्यसम्पादनका आधारमा निर्णय गर्नुपर्छ।

राजनीति नीति सुधार्ने कला हो भने सुशासन त्यसको व्यावहारिक परिणाम हो। नीति र स्थिति दुवै सुधार्न सकिए मात्र लोकतन्त्रको वास्तविक अनुभूति हुनेछ। नेपालले धेरै आन्दोलन र परिवर्तन देखिसकेको छ, अब स्थायित्व, नैतिक नेतृत्व र प्रभावकारी

**–बाँकी अन्तिम पेजमा**

# अन्तरगृह परिक्रमासँगै १५ दिने मिथिला मध्यमा परिक्रमा समापन



**लक्ष्मी चौधरी**

जनकपुरधाम, १९ फाल्गुन। अन्तरगृह परिक्रमासँगै मिथिलाको धार्मिक पदयात्रा १५ दिने मिथिला मध्यमा परिक्रमा आज विधिवत् रुपमा समापन भएको छ। परिक्रमावासीले मंगलबार जनकपुरधाममा १२ किलो मिटरको दुरीमा अवस्थित जनकपुरधामको गोलाकार परिक्रमा अन्तरगृह (पंञ्चकोशी) गरेसँगै विश्वकै लामो धार्मिक पदयात्रा मानिने १५ दिने मिथिला मध्यमा परिक्रमा समापन भएको हो ।

परिक्रममा धार्मिक आस्था, सांस्कृतिक एकता र परम्परागत साथ सम्पन्न भएको यस परिक्रमामा नेपाल र भारतका लाखौं श्रद्धालु भक्तजनहरूको उल्लेखनीय सहभागिता रहेको थियो। मिथिला क्षेत्रको सांस्कृतिक पहिचानको प्रतीक मानिने यो परिक्रमा प्रत्येक वर्ष श्रद्धालुहरु भक्तजनहरु उल्लासपूर्ण सहभागी हुने गर्दछन्। परिक्रमामा सहभागी भई श्रद्धापूर्वक दर्शन गर्दा मनोकामना पूरा हुने जनविश्वास समेत रहँदै आएको छ।

जनकपुरधाम नजिक कचुरीस्थित मिथिलाबिहारी मठबाट विधिवत डाला निकालेपछि १५ दिने मिथिला मध्यमा परिक्रमा भएको थियो। मिथिलाबिहारीको डोला र अग्निकुण्डबाट किशोरीजीको डोलासहित झाँकी–कीर्तनका साथ यात्रा प्रारम्भ भएको थियो। पहिलो विश्राम जनकपुरधामको हनुमाननगरमा हुन्छ भने दोस्रो र तेस्रो दिन भारतको कलानेश्वर र गिरिजास्थानमा बसाइँ गरिन्छ, जहाँ राम–सीतासँग सम्बन्धित धार्मिक विश्वास जोडिएका छन्।

भारतका दुई विश्रामपछि यात्रा महोत्तरी प्रवेश गर्छन्। मटिहानी, जलेश्वर (जलेश्वरनाथ मन्दिर), मडई, ध्रुवकुण्ड र कञ्चनवनमा क्रमशः विश्राम गरिन्छ। कञ्चनवनमा राम–सीताले होली खेलेको विश्वाससँगै मिथिलामा सोही दिनबाट होली पर्वको सुरुआत मानिन्छ। त्यसपछि यात्रा धनुषा जिल्लामा प्रवेश गरी पर्वता (क्षीरेश्वरनाथ मन्दिर दर्शन), धनुषाधाम, सतोषर र औरहीमा विश्राम गर्छन्। पुनः भारतको करुणा र बिसौल हुँदै यात्रा कलानेश्वरबाट जनकपुरधाम फर्कि भोलिपल्ट अन्तरगृह ( पञ्चकोशी) परिक्रमापछि १५ दिने मिथिला मध्यमा परिक्रमा विधिवत समापन हुन्छ।

नेपाल र भारतको करिब १ सय २८ किलोमिटरको दूरीमा अवस्थित भारतको चार र नेपालको ११ पडाव स्थल पर्दछन्। जुन नेपालको धनुषा र महोत्तरीमा पर्छन्। यो यात्रा धार्मिक सहिष्णुता, सांस्कृतिक निरन्तरता र नेपाल–भारत सांस्कृतिक सम्बन्धको प्रतीक मानिन्छ। परिक्रमा अवधिभर सुरक्षा व्यवस्थालाई कडाइ गरिएको थियो भने विभिन्न पडावस्थलमा सम्बन्धित स्थानी तहका जनप्रतिनिधिहरुले आवश्यक प्रशासन, सुरक्षा निकाय तथा स्वयंसेवकहरूले यात्रालाई व्यवस्थित र सुरक्षित बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। बाटोमा खानेपानी, स्वास्थ्य शिविर र विश्रामस्थलको समेत व्यवस्था गरिएको थियो।

# रौतहटमा निर्वाचनको तयारी पूरा



**प्रवीण कुमार शर्मा**

रौतहट, १९ फाल्गुन। यहि फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, धाँधलीरहित तथा शान्तिपूर्ण रूपमा सम्पन्न गराउन सम्पूर्ण सुरक्षा तयारी पूरा भएको छ। रौतहटको चार वटा निर्वाचन क्षेत्रका १५७ वडामा रहेका २७७ मतदान स्थल तथा ५४१ मतदान केन्द्रमा निर्वाचन सामग्री सहित कर्मचारीहरू पुगिसकेको जिल्ला निर्वाचन कार्यालय रौतहटले जनाएको छ। मतदान केन्द्रमा मतपत्र, मतपेटिका तथा निर्वाचन सामग्री पुगिसकेको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख छोटेलाल दाशले जानकारी दिनुभयो।

रौतहटका सवै मतदान केन्द्रमा बुथ निर्माण कार्य सम्पन्न हुनुको साथै सर्वदलिय बैठक सम्पन्न भएको उहाँले बताउनुभयो। निर्वाचन क्षेत्र नं. १ अन्तर्गत सिंचाई सव डिभिजन कार्यालयमा रहेको मतदान केन्द्रमा बुथ निर्माण कार्य सम्पन्न भएको र सर्वदलिय बैठक समेत शान्तिपुर्ण रुपमा सम्पन्न भएको सिचाई सव डिभिजन कार्यालय गौर (क) का मतदान अधिकृत तिल कुमारी ढकालले जानकारी दिनुभयो। सर्वदलिय बैठकमा निर्वाचन शान्तिपूर्ण सम्पन्न गराउन सवैले सहयोग गर्ने, स्वयसेवक नियुक्ति, अशक्त दृष्टिविहीन तथा वृद्धवृद्धालाई मतदानमा संकेत गर्न असुविधा भएमा एकाघरको सदस्य वा आफन्तलाई साथमा लैजान दिने, मतदान केन्द्रमा प्रतिबन्धित सामान लैजान निषेद्ध गर्ने,एक राजनितिक दलबाट एक जना प्रतिनिधि राख्ने लगायतका कुरामा सर्वदलिय बैठकबाट सहमति भएको उहाँले बताउनुभयो।

रौतहटको तीन स्थानमा अस्थायी मतदान केन्द्र राखिएको छ। गौरस्थित जिल्ला अदालतमा कर्मचारी र सुरक्षाकर्मीका लागि, इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा कर्मचारी र सुरक्षाकर्मीका लागि तथा कारागार कार्यालय गौरमा कैदीबन्दीहरूका लागि अस्थायी मतदान केन्द्रको व्यवस्था गरिएको जिल्ला निर्वाचन कार्यालय रौतहटले जनाएको छ। रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले शान्तिपूर्ण निर्वाचनका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना तथा निर्वाचन प्रहरीसहित करिब १० हजार सुरक्षाकर्मी परिचालन गरिएको बताउनु भयो। चारवटै निर्वाचन क्षेत्रमा नेपाली सेनाको बम डिस्पोजल टोली समेत खटाइएको उहाँले बताउनुभयो।

संयुक्त सुरक्षा टोलीद्वारा जिल्लाभर गस्ती तथा पेट्रोलिङलाई तीव्र पारिएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ ।

# धनुषा–१ का रास्वपा उम्मेदवार साहको उम्मेदवारी खारेज

काठमाडौँ, १९ फाल्गुन। निर्वाचन आयोगले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दिएका एक उम्मेदवारको उम्मेदवारी खारेज गरेको छ। धनुषा जिल्ला निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उम्मेदवारी दिनुभएका किशोरी साह 'कमल' को उम्मेदवारी आयोगले खारेज गरेको हो। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४को दफा १३ को खण्ड (ज) बमोजिम साहको उम्मेदवारी अयोग्य रहेको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो। निर्वाचन आयोग ऐन, २०७३ को दफा ९ को उपदफा ९५० बमोजिम साहको उम्मेदवारी खारेज भएको प्रवक्ता जिसीले बताउनुभयो।

# बारामा १४५ मतदान स्थल अति संवेदनशील सुरक्षा योजनामा कडाइ

**शिवशंकर मिश्रा**

बारा, १९ फाल्गुन। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यसहित बारामा विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको छ। जिल्ला प्रहरी कार्यालय बाराले जिल्लाभरका मतदान स्थलको संवेदनशीलता मूल्यांकन गरी सुरक्षा तयारी तीव्र पारेको जनाएको हो। प्रहरीका अनुसार जिल्लाका ३०५ मतदान स्थलमध्ये १४५ स्थललाई अति संवेदनशील, १०८ स्थललाई संवेदनशील र ५२ स्थललाई सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ।

भौगोलिक अवस्था, यातायात पहुँच, विगतका निर्वाचनका अनुभव, सामाजिक–सांस्कृतिक परिवेश तथा भौतिक पूर्वाधारको अवस्थालाई आधार मानेर वर्गीकरण गरिएको प्रहरी उपरीक्षक नरेन्द्र कुवँरले जानकारी दिनुभयो। जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार संवेदनशीलताको स्तरअनुसार सुरक्षाकर्मी परिचालन गरिएको छ। "उच्च जोखिम भएका क्षेत्रमा थप जनशक्ति खटाइएको छ। मोबाइल गस्ती, एम्बुस टोली, द्रुत प्रतिक्रिया टोली (क्युआरटी) तथा सादा पोशाकका सुरक्षाकर्मीसमेत परिचालित छन्", उहाँले भन्नुभयो।

जिल्लामा ३०८ मतदान स्थल अन्तर्गत ५८७ मतदान केन्द्र कायम गरिएको छ। निर्वाचन सुरक्षाका लागि करिब एक हजार छ सय नेपाल प्रहरी र दुई हजार ६३८ म्यादी प्रहरी परिचालन गरिएको छ। साथै, उनीलाई इलाका र क्षेत्र अनुसार १३ जना प्रहरी निरीक्षक तथा सात जना प्रहरी नायब उपरीक्षकले नेतृत्व तथा समन्वय गर्ने व्यवस्था मिलाइएको प्रहरी प्रवक्ता पण्डितले बताउनुभयो। यसका अतिरिक्त नेपाली सेना र सशस्त्र प्रहरी बल नेपालले पनि छुट्टाछुट्टै सुरक्षा टोली परिचालन गरेका छन्। ती निकायले मतदान केन्द्र बाहिर घेराबन्दी सुरक्षा, संवेदनशील क्षेत्रको निगरानी तथा आकस्मिक अवस्थाको प्रतिकार्यको जिम्मेवारी सम्हाल्ने छन् ।

प्रहरीले निर्वाचन आचारसंहिता कार्यान्वयन, अवाञ्छित गतिविधि नियन्त्रण तथा मतदातालाई सुरक्षित वातावरणमा मतदान गर्न सहयोग पुऱ्याउन सबै सुरक्षा संयन्त्रबिच उच्च समन्वय कायम गरिएको जनाएको छ। साथै, मतदातालाई निर्धक्क भई मतदान प्रक्रियामा सहभागी हुन र शंकास्पद गतिविधि देखिएमा नजिकको सुरक्षा निकायलाई जानकारी गराउन आग्रह गरिएको छ। व्यापक जनशक्ति परिचालन, रणनीतिक सुरक्षा योजना तथा निरन्तर निगरानी मार्फत बारामा निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराउने तयारी अन्तिम चरणमा पुगेको सुरक्षा निकायले जनाएको छ।

# मतदान केन्द्र पुग्दै कर्मचारी




जनार्जन खत्री

सर्लाही, १९ फाल्गुन। यही बिहीबार हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सर्लाहीमा मतदान अधिकृतहरु धमाधम मतदान केन्द्रमा पुग्ने क्रम जारी रहेको छ। सोमबार नै अधिकांश मतदान अधिकृतहरु मतदान सामग्रीसहित आ–आफूलाई खटाइएको मतदान केन्द्रमा पुगिसकेका छन्। निर्वाचन अधिकृतको कार्यालयबाट नजिकै रहेका मतदान केन्द्रमा खटाइएका केही मतदान अधिकृतहरु भने अब मंगलबार बिहानसम्ममा आफूलाई खटाइएको ठाउँमा पुगिसक्ने बताइएको छ।

जिल्ला निर्वाचन कार्यालय सर्लाहीका प्रमुख एवम् जिल्ला निर्वाचन अधिकारी ऋषिराम पौडेलका अनुसार जिल्लामा ६२८ मतदान केन्द्रमध्ये अधिकांश मतदान अधिकृतले मतपेटिकासहितका निर्वाचन सामग्री बुझेर लगिसकेका जानकारी दिनुभयो। मतदान अधिकृतले मतदान केन्द्रमा पुगेर निषेधित क्षेत्र तोकिएको, मदिरा निषेध गरिएको लगायतका सूचनासमेत टाँस गरिसकेका पौडेलले बताउनुभयो।

क्षेत्र नं. १ का निर्वाचन अधिकृत टीकाबहादुर थापाका अनुसार क्षेत्र नं. १ का अधिकांश मतदान केन्द्रमा सोमबार नै पुगेका मतदान अधिकृतले सूचना टाँस गर्ने र सर्वपक्षीय बैठक राख्ने काम धमाधम गरिरहेका जानकारी दिनुभयो। उहाँका अनुसार मतदान केन्द्रमा अब मतपत्र मात्र पुग्न बाँकी छ। मतदान केन्द्रमा पुगेका कर्मचारी तथा सुरक्षाकर्मीले अब आजदेखि मतदानस्थलसमेत बनाउन सुरु गर्ने छ। सर्लाहीका मुख्य निर्वाचन अधिकृत पुष्पराज थपलियाले मतदान केन्द्रमा पुगेका मतदान अधिकृतलाई सुरक्षाकर्मीसँग समन्वय गरी आफूले लिएर गएको निर्वाचन सामग्री सुरक्षित राख्न र मतदानअघि अपनाउनुपर्ने सम्पूर्ण प्रक्रियागत काम क्रमवद्ध रुपमा सम्पन्न गर्न निर्देशन दिइएको बताउनुभयो।

मतदान केन्द्रमा खटाइएका नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरीसमेत मतदान अधिकृतसहित आ–आफूलाई खटाइएको मतदान केन्द्रमा पुगिरहेका छन्। मतदानको दिन नजिकिएसँगै जिल्लामा सुरक्षा व्यवस्थासमेत अत्यन्त कडा पारिएको छ। बिहीबार हुने निर्वाचनलाई लक्षित सोमबार राति १२ बजेदेखि सर्लाहीमा नेपाल–भारत सीमा नाकासमेत बन्द गरिसकिएको छ। जिल्ला प्रशासन कार्यालय सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी गएराति १२ बजेदेखि निर्वाचन सम्पन्न नहुन्जेलसम्मका लागि नेपाल–भारत सीमा नाका शील गरी आवतजावत पूर्णरुपमा बन्द गरिएको जानकारी दिनुभयो।

# सर्लाहीमा मतदान केन्द्रमै ढल्नुभएका मतदान अधिकृतको मृत्यु

**जनार्जन खत्री**

सर्लाही, १९ फाल्गुन। सर्लाहीमा एक जना मतदान अधिकृतको हृदयघातबाट मृत्यु भएको छ। सर्लाही क्षेत्र नं. २ स्थित पर्सा गाउँपालिका–४, जिङ्गडवामा रहेको आधारभूत विद्यालय जिङ्गडवा (क) मतदान केन्द्रमा खटिनुभएका मतदान अधिकृत रघुनाथ महतोको मृत्यु भएको हो। मङ्गलबार दिउँसो मात्र मतदान केन्द्रमा पुग्नुभएका महतो एक्कासि बेहोस भएर ढलेपछि उपचारका लागि प्रादेशिक अस्पताल मलङ्गवा ल्याइएको थियो।

अस्पताल ल्याउँदा महतोलाई मृत घोषणा गरिएको सर्लाहीका मुख्य निर्वाचन अधिकृत पुष्पराज थपलियाले जानकारी दिनुभयो। प्रादेशिक अस्पतालका हेल्थ असिस्टेन्ट शंकरकुमार पटेलले मतदान अधिकृत महतोको हृदयघातबाट मृत्यु भएको बताउनुभएको छ। मृतक महतो सिनियर अहेब हुनुहुन्थ्यो। आधारभूत स्वास्थ्य सेवा केन्द्र बरहथवा नगरपालिका एक हजारियामा कार्यरत रौतहट घर भएका महतो बिहीबार हुने प्रतिनिधि सभा सदस्य निर्वाचन गराउन आधारभूत विद्यालय जिङ्कडमा मतदान अधिकृतको रूपमा खटिनुभएको थियो।

क्षेत्र नं. २ का मुख्य निर्वाचन अधिकृत थपलियाका अनुसार मतदान अधिकृत महतोको मृत्यु भएपछि नयाँ मतदान अधिकृत पठाउने तयारी भइरहेको छ। आधारभूत विद्यालय जिङ्गडवामा सहायक मतदान अधिकृतको रूपमा खटिनुभएका गोविन्द पोखरेलले मतदान अधिकृतको मृत्यु भएपछि पनि मतदान केन्द्र निर्माण र अन्य तयारीको काममा जुटिरहेको जानकारी दिनुभयो।

सहायक मतदान अधिकृत पोखरेलले मतदान अधिकृत महतोले आफूले मंगलबार सर्वदलीय बैठक राख्नेसहितका काम गर्ने र तपाईंहरू बुधबार बिहानै आउनु भने पनि उहाँको मृत्यु भएपछि आफूहरू मंगलबार नै मतदान केन्द्रमा पुगिसकेको बताउनुभयो।

# पर्सामा मध्यरातदेखि भारतीय सीमानाका बन्द




पर्सा, १९ फाल्गुन। जिल्ला प्रशासन कार्यालयले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै सोमबार मध्यरातदेखि लागू हुनेगरी भारतसँग सीमा जोडिएको अन्तरराष्ट्रिय नाका ७२ घण्टा बन्द गरेको छ। पर्साका सहायक प्रमुख जिल्ला अधिकारी विनोदकुमार पोखरेलले पर्सा जिल्लासँग जोडिएको भारतको विहार राज्य अन्तर्गतका पूर्वी चम्पारण र पश्चिम चम्पारण जिल्लाका सीमानाका निर्वाचनको सुरक्षालाई मध्यनजर गर्दै बन्द गरेको जानकारी दिए। "फागुन १८ गते राति १२:०० बजेदेखि फागुन २१ गते राति १२:०० बजेसम्मको अवधिमा सीमानाका बन्द गर्ने निर्णय भएको छ", उनले भने, "निर्वाचनको समयमा दुवै मुलुकले ७२ घण्टा सीमानाका बन्द गर्ने परम्परा छ।"

सहायक प्रजिअ पोखरेलले फागुन १९ गते तराई–मधेसमा मनाइने होली पर्वलाई पनि सौहार्दपूर्ण र निर्वाचनमैत्री ढङ्गले मनाउनका लागि आह्वान गरे। "होली पर्वका अवसरमा सार्वजनिकस्थलमा भीडभाड गर्ने, होहल्ला गर्ने, जबर्जस्ती रङ दल्ने, मदिरा सेवन गरी सामाजिक सद्भाव खल्बलिने गतिविधि नगर्न अनुरोध गर्दछौँ", उनले भने "कुनै पनि राजनीतिक दल वा उम्मेदवारको झन्डा वा चुनाव चिह्नअङ्कित कपडा लगाएर पर्व मनाउनसमेत निषेध गरिएको छ।"

होलीको अवसरमा मोटरसाइकल दुर्घटनामा वृद्धि देखिएकाले फागुन २० गते मोटरसाइकल प्रयोग गरी होली मनाउन निषेध गरिएको सूचनामा उल्लेख छ। फागुन १९ गतेदेखि निर्वाचन परिणाम घोषणा नभएसम्म जिल्लाभर कुनै पनि राजनीतिक दलको प्रचारप्रसार, सभाजुलुस तथा धार्मिक, सांस्कृतिक र सामाजिक कार्यक्रममा डीजेलगायत ध्वनि प्रदूषण हुने खालका बाजा बजाउन निषेध गरिएको प्रशासनले जनाएको छ।

## *भविष्यका लागि ...*

कार्यान्वयनको आवश्यकता छ। तब मात्र परिवर्तनका वाचाहरू व्यवहारमा रूपान्तरण हुनेछन् र सुशासन मृगतृष्णा नभई यथार्थ बन्नेछ। *(लेखक दार्चुला बहुमुखी क्याम्पसमा अध्ययनरत छिन्।)*

*रातोपाटीबाट*

# आजपाका समानुपातिक उम्मेदवार मन्सुरीमाथि आक्रमण

रौतहट, १९ फाल्गुन। प्रभु साह नेतृत्वको आमजनता पार्टीका समानुपातिक उम्मेदवार लालबाबु मन्सुरीमाथि चुनावी प्रचार प्रसारको क्रममा आक्रमण भएको छ। आक्रमणबाट उनको नाकको हड्डी टुटेको छ। सोमवार साँझ रौतहट–३ गुजरा नगरपालिका ६ बेदौली गाउँमा मन्सुरीमाथि आक्रमण भएको हो। आक्रमणबाट घाइते मन्सुरीको चन्द्रनिगाहपुर स्थित एक अस्पतालमा उपचार भएको थियो। उपचारपछि हाल उनी गुजरा स्थित आफ्नो घरमा आराम गरिरहेका छन्। डाक्टरले उनको नाकको ह ि टुटेको बताएका छन्।



मन्सुरी घटनाबारे बताएका छन्। सोमवार साँझ प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार पार्टी अध्यक्ष तथा पूर्व मन्त्री प्रभु साहले गुजरा ६ बेदौली गाउँमा घरदैलो कार्यक्रम गरिरहेका थिए। सोही क्रममा विपक्षी पार्टीका केहि कार्यकर्ताहरूले डिजे बजाउदै कार्यक्रम बिथोल्न खोजेका थिए। त्यही विपक्षी कार्यकर्तालाई सम्झाउन खोज्दा उनीहरुले धक्का दिएको र एकजना अपरिचित युवकले टाढैबाट लौरोले हान्दा नाकमा लागेर घाइते भएको मन्सुरीले बताए।

घटना लगत्तै प्रहरी टोली त्यहाँ पुगेर अवस्था साम्य बनाएका थिए। प्रहरीलाई देख्नासाथ उनीहरू फरार भएका थिए। आक्रमण गर्नेहरूमा जसपा र रास्वपाका स्थानीय कार्यकर्ता रहेको उनले बताएका छन्। आजपाका समानुपातिक उम्मेदवार लालबाबु मन्सुरीले घटनाको सत्य तथ्य छानबिन गरी दोषी लाई कारबाहीको दायरामा ल्याउन माग गरेका छन्। जिल्ला प्रहरी कार्यालय रौतहटले घटनाको पुष्टि गर्दै आवश्यक अनुसन्धान भइरहेको जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)